आ.व. २०७६।०७७ को १४ औं बैठक

आज मिति २०७६ साल चैत्र २३ गते दिउँसो ३ बजे रासी गाउँ कार्यपालिकाका अध्यक्ष श्री नुमानन्द सुवेदीज्यूको अध्यक्षता र तपसिल बमोजिमका सदस्यज्यूहरुको उपस्थितिमा गाउँ कार्यपालिकाको बैठक बस्यो । बैठकको उपस्थिति प्रस्ताव एवं निर्णयहरु तपसिल बमोजिम रहेका छन ।

<u>उपस्थिति</u>

अध्यक्ष श्री नुमानन्द सुवेदी रासी गाउँ कार्यपालिका ।
उपाध्यक्ष श्री जगतम्वाकुमारी चौधरी रासी गाउँ कार्यपालिका ।
सदस्य श्री टेकबहादुर कुनाल रासी गाउँ कार्यपालिका ।
सदस्य श्री बेदप्रसाद चौधरी रासी गाउँ कार्यपालिका ।
सदस्य श्री बिष्णुबहादुर घर्ति क्षेत्री रासी गाउँ कार्यपालिका ।
सदस्य श्री कुवारी देवी कार्की रासी गाउँ कार्यपालिका ।
सदस्य श्री जगतबहादुर थापा रासी गाउँ कार्यपालिका ।
सदस्य श्री विष्णु गुरुङ्ग रासी गाउँ कार्यपालिका ।
सदस्य श्री ताराबहादुर डि.सी रासी गाउँ कार्यपालिका ।
सदस्य श्री गोकर्णबहादुर रानामगर रासी गाउँ कार्यपालिका ।
सदस्य श्री गोवर्धन रावत रासी गाउँ कार्यपालिका ।
सदस्य श्री विद्याशरण चौधरी रासी गाउँ कार्यपालिका ।
सदस्य श्री सुनिता मल्ल रासी गाउँ कार्यपालिका ।
सदस्य श्री ताराकुमारी चौधरी रासी गाउँ कार्यपालिका ।
सदस्य श्री चन्दर चौधरी रासी गाउँ कार्यपालिका ।
सदस्य श्री रिमबहादुर सुनारी मगर रासी गाउँ कार्यपालिका ।
सदस्य श्री संजिव परियार रासी गाउँ कार्यपालिका ।
सचिव श्री शोभाराम रिजाल रासी गाउँ कार्यपालिका ।

आमन्त्रित

श्री विश्वास वि.क. शाखा अधिकृत
श्री अशोक बेलबासे इन्जिनियर
श्री रेशमराज अधिकारी स.ले.प.
श्री नारायण राउत, स्वास्थ्य संयोजक

नुमानन्द

२०७६ चैत्र २३ गते बसेको १४ औं बैठकका निर्णयहरु

राप्ती गाउँपालिकाका अध्यक्ष श्री नुमानन्द सुवेदीज्यूको अध्यक्षतामा राप्ती गाउँ कार्यपालिकाको आज मिति २०७६ चैत्र २३ गते बसेको १४ औं बैठकमा देहाय बमोजिमका निर्णय गरियो ।

निर्णय न १ असंगठित क्षेत्रमा कार्यरत श्रमिक वर्ग तथा असहायहरुलाई उपलब्ध गराई राहत सम्बन्धी मापदण्ड २०७६ स्वीकृत गर्ने र स्रोतको सुनिश्चितता विपत व्यवस्थापन कोषबाट गर्ने र उक्त रकमले नपुग हुने अवस्था सिर्जना भएमा वार्षिक बजेटका विभिन्न शीर्षकहरुबाट रकमान्तर गरी स्रोत व्यवस्थापन गर्ने निर्णय गरियो ।

निर्णय नं २ वडागत रुपमा राहत लिने/वितरण गर्नुपर्ने व्यक्तिहरुको नामावली निर्णय भएको मितिले ३ दिनभित्र प्रत्येक वडाले गाउँ कार्यपालिकाको कार्यालयमा पेश गर्ने निर्णय गरियो ।

निर्णय नं ३ विभिन्न निकायहरुबाट प्राप्त राहत सामग्री व्यवस्थापन र वितरण सम्बन्धी कार्य एकद्धवार प्रणाली मार्फत गर्ने निर्णय गरियो ।

निर्णय नं ४ प्रकोप व्यवस्थापन कोष सञ्चालनको सन्दर्भमा छलफल गर्दा विभिन्न निकायहरुबाट प्राप्त हुने राहत रकम राप्ती गाउँपालिकाको प्रकोप व्यवस्थापन कोषमा जम्मा गर्ने निर्णय गरियो ।

निर्णय नं ५ राहत बापत प्राप्त हुने खाद्यान्न लगायतका विभिन्न व्यक्तिहरुबाट प्राप्त सामग्रीहरु खाद्य बैकं/ डिपो राप्ती गाउँपालिका अन्तरगत राप्ती गाउँपालिका वडा नं ५ र वडा नं ३ स्थापना गर्ने निर्णय गरियो ।

निर्णय नं ६ राप्ती गाउँपालिकाका अध्यक्षको संरक्षकत्वमा वडा नं २ मा रहेको आइसोलेसन तथा क्वारेन्टाइन व्यवस्थापनको लागि वडा नं २ का अध्यक्ष जगत थापाको संयोजकत्वमा २ जना स्वास्थ्यकर्मी, नजिकको प्रहरी कार्यालयको प्रतिनिधी १ जना र वडा नं ५ मा रहेको क्वारेनटाइन व्यवस्थापनको लागि वडा नं ५ का अध्यक्ष गोवर्धन राउतको अध्यक्षतामा २ जना स्वास्थ्यकर्मी, नजिकको प्रहरी कार्यालयको प्रतिनिधी १ जना र दुवै तर्फको लागि सामाजिक विकास समितिका संयोजक सदस्य रहने गरी क्वारेन्टाइन व्यवस्थापन समिति गठन गर्ने निर्णय गरियो ।

निर्णय नं ७ अन्य निकायबाट प्राप्त जानकारी तथा परिपत्र सम्बन्धमा निम्नानुसार गर्ने निर्णय गरियोः

क. संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय वातावरण विपत व्यवस्थापन शाखाको च.न. ४४० मिति २०७६/१२/२१ को पत्रानुसारको व्यवस्थालाई कार्यान्वयन गर्ने निर्णय गरियो ।

प्रमुख प्रशासकीय अधिकृत

नुमानन्द सुवेदी
अध्यक्ष

२०७६ चैत्र २३ गते बसेको १४ औं बैठकका निर्णयहरु

ख. महिला सशक्तिकरण तथा लैगिक मूल प्रवाहिकरण शाखाको च.न. १०९ मिति २०७६/१२/२१ को प्राप्त पत्रको आधारमा विशेष संरक्षण गर्नुपर्ने वर्गहरुलाई आवश्यक सहयोग गर्ने सम्बन्धमा छलफल गर्दा पत्रमा उल्लेख भए बमोजिमको व्यहोरालाई कार्यान्वयन गर्ने निर्णय गरियो ।

ग. प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयको च.न. ३२१/५८१८ मिति २०७६/१२/२१ को प्राप्त पत्रको सन्दर्भमा छलफल गर्दा Crisis Management Center स्थापना र कार्य सञ्चालन गर्ने व्यवस्था मिलाउने निर्णय गरियो ।

घ. अर्थ मन्त्रालयबाट स्वीकृत भई आएको कार्य योजनालाई कार्यान्वयन गर्ने निर्णय गरियो ।

ङ. संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट कोभिड १९ को रोकथाम तथा नियन्त्रणका लागि गरिएको परिपत्रमा मानिसहरुको जमघट हुने सार्वजनिक स्थलहरुमा disinfection तथा सरसफाई गराउने भनी उल्लेखित भई आएकोले यस गाउँपालिकाका विभिन्न सार्वजनिक स्थानहरुमा disinfection गर्ने ।

निर्णय नं ८ विविध सम्बन्धमा छलफल गर्दा निम्नानुसार निर्णय गरियो:

क. Covid-19 को उपचार तथा व्यवस्थापन कार्यमा खटिने करारका स्वास्थ्यकर्मी कर्मचारी र जनप्रतिनिधीको गाउँपालिकाबाट रु. १० लाख बराबरको बीमा गर्ने प्रक्रिया अगाडि बढाउने निर्णय गरियो ।

ख. Covid-19 विपद व्यवस्थापनको सन्दर्भमा फोन म्यासेज इमेल मार्फत सबै सदस्यसँग सम्पर्क मार्फत आवश्यक निर्णय गर्ने गरी अध्यक्ष मार्फत स्वीकृत गर्ने निर्णय गरियो ।

ग.

प्रमुख प्रशासकीय अधिकृत

नुमानन्द सुवेदी
अध्यक्ष